भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०८३

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६ (पहिलो संशोधन २०७७)" को दफा ४ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशले यो प्राविधिक मापदण्ड तथा सञ्चालन विधि तयार गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो विधिको नाम "भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०८३" रहेको छ।

(२) यो विधि मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा,

(क) "आवेदक" भन्नाले यस कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषक/कृषि सहकारी/कृषक समूह/फार्मलाई सम्झनु पर्दछ।

(ख) "केन्द्र" भन्नाले जिल्ला स्थित कृषि ज्ञान केन्द्र वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्दछ।

(ग) "मन्त्रालय" भन्नाले मधेश प्रदेश स्थित भूमि व्यवस्था,कृषि तथासहकारी मन्त्रालय सम्झनु पर्दछ।

(घ) "अनुदानग्राही" भन्नाले यस कार्यक्रमका लागि छनौट भएका कृषक/कृषि सहकारी/कृषक समूह/ फार्मलाई सम्झनु पर्दछ।

३. उद्देश्य : इनार वा बढीमा ४ इन्चसम्मको ब्यासको स्यालो ट्यूबवेलबाट विद्युतिय समरसिबल पम्प/सरफेश पम्प/सोलार पम्प/सेन्ट्रिफ्यूगल प्रणाली प्रयोग गरी कृषि क्षेत्रका लागि आवश्यक सिंचाई/जल आपूर्ति गर्न अन्य वैकल्पिक स्रोत नभएको स्थलमा भूमिगत जलको प्रभावकारी र दिगो हुने गरी उपयोग बढाउनु।

४. कार्यक्रम सञ्चालनः- (१) यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधि अनुरुप साना सिंचाई व्यवस्थापन/भूमिगत सिंचाई/स्यालो ट्युववेल/ट्युववेल/सोलार (सौर्य) प्रणाली जडान तथा सञ्चालन लक्षित सम्पूर्ण कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ।

(२) दफा १ बमोजिमका कार्यक्रमहरुको आर्थिक सीमा स्वीकृत वार्षिक कार्यक्रममा निर्धारण भए सोहि बमोजिम र निर्धारण नभएको हकमा "कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी, २०७६ (पहिलो संशोधन २०७७)" को अनुसूची-१ बमोजिम रहनेछ।

५. प्रस्ताव आह्वान तथा संकलनः (१) केन्द्रले कम्तिमा १५ दिनको म्याद दिई अनुसूची -१ बमोजिमको ढाँचामा स्थानीय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी सेवाग्राहीबाट अनुसूची-२ बमोजिमको आवेदन माग गर्नु पर्नेछ। प्रकाशन भएको सूचनाको जानकारी जिल्लास्थित सबै स्थानीय तह तथा निर्देशनालयमा समेत पठाउनुपर्नेछ। सूचना तथा प्रस्तावको ढाँचा कार्यालयको वेबसइटमा समेत राख्नुपर्नेछ।

(२) उक्त म्याद भित्र पर्याप्त आवेदन पेश हुन नआएमा सात (७) दिनको म्याद थप गरी पुनः सूचना प्रकाशन गरिनेछ र उक्त म्यादभित्र समेत गरी जे जति सँख्यामा आवेदन संकलन भए पछि सो लाई नै अन्तिम मानि कार्यक्रम सञ्चालन गर्न बाधा पुग्ने छैन।

६. अनुदानग्राहीको योग्यताः (१) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका अनुदानग्राहीले कार्यक्रममा सहभागी हुन आवेदन गर्न सक्नेछन्।

डा. संजय कुमार यादव
प्रदेश सचिव

(क) सामान्यतया कृषि उत्पादनमा संलग्न दुई विघा जग्गा भएको एकल कृषक परिवार। तर उखु, फलफुल, रैथाने, पुष्प, तरकारी वाली तथा मत्स्यको हकमा न्यूनतम एक विघा जग्गा भएको एकल कृषक परिवार।

(ख) एक भन्दा बढी कृषक परिवारहरुको जग्गा मिलाएर दुई विघा जग्गाको क्लष्टरमा सिंचाई गर्ने आपसी सहमति भएका उपभोक्ताहरु मध्येका एकजना कृषक।

(ग) कृषि सहकारी संस्था/कृषि उत्पादनमा संग्लन निजी फर्म/उद्यमी: प्रचलित कानुन अनुसार दर्ता भएका र लिजमा वा एकल स्वामित्वको कम्तीमा ४ (चार) विघा जग्गामा कृषि उत्पादन कार्यक्रम सञ्चालन गरेको।

(घ) स्यालो ट्युबवेल जडान सम्भाव्य नभएको क्षेत्रमा इनारको हकमा कम्तीमा ५ परिवार र ४ विघा जग्गामा सिंचाई सुविधा पुग्न सक्ने गरी सँस्थागत वा आपसी सहमति भएका उपभोक्ताहरु मध्येका एकजना कृषक (लिखित सम्झौता तथा जग्गाको प्रमाण पुर्जा लगायत अन्य कागजात अनिवार्य हुने र नक्शामा जग्गा तथा इनारको सामिप्यता देखु पर्ने)

(२) वस्तीभन्दा बाहिर टाढाको खेत भए न्यूनतम ५ कट्ठा जग्गामा एकल परिवारको स्वामित्वमा एकल खेती गर्ने कृषक परिवारले २ इन्च ब्यासको स्यालो ट्यूवेल जडान गर्ने इच्छुक कृषक वा कृषक परिवार।

(३) यस किसिमको अनुदान पाइसके पछि दुई आ.व. व्यतीत नभएको/झुठा विवरण पेश गर्ने/कुनै किसिमको पेश्की बेरुजु वा अनियमितताम परेको/ कार्यालयमा खराब आचरण प्रस्तुत गरेका व्यक्ती वा परिवारको आवेदन छनौट प्रक्रियामा समावेश गरिने छैन।

७. **मूल्याङ्कन समिति र मूल्याङ्कनका आधारहरु:** (१) केन्द्रले प्राप्त आवेदनहरुको मुल्यांकन तथा छनौट गर्न देहाय बमोजिमको एक मूल्याङ्कन समिति गठन गर्नेछ ।

(क) केन्द्रले तोकेको अधिकृत - संयोजक

(ख) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र अधिकृत - सदस्य

(ग) कार्यक्रम हेर्ने जिम्मेवार अधिकृत/प्राविधिक कर्मचारी - सदस्य-सचिव

(२) केन्द्रले मुल्याङ्कन समितिमा आवश्यकता अनुसार दुई जनासम्म आमन्त्रित सदस्य थप गर्न सक्नेछ ।

(३) मुल्यांकन समितीले मूल्यांकन गर्दा प्राप्त आवेदनहरुलाई तपसिल अनुसार अनुदानग्राहीको किसिम छुट्याउने छ।

(क) ४(चार) इन्च ब्यास स्यालो ट्यूवेल जडान मात्र

(ख) ४(चार) इन्च ब्यास स्यालो ट्यूवेल जडान तथा समरसिवल वा सरफेश (विद्युतिय वा सोलार)

(ग) पुरानै जलस्रोत संरचनाबाट जल उपयोग गर्न समरसिवल वा सरफेश (विद्युतिय वा सोलार)

(घ) २(दुई) इन्च ब्यास स्यालो ट्यूवेल जडान समरसिबल वा सरफेश (विद्युतिय वा सोलार)

(ङ) इनारबाट/सोलार प्रणालीबाट सिंचाई

डा. संजय कुमार यादव
प्रदेश सचिव

(४) आवेदन फारममा आवेदकबाट लागत सहभागीता उल्लेख भएको आवेदनहरुको सहभागीता हुने अंकको आधारमा वर्गीकरण गरी छुट्याउने र बढी लागत सहभागीता उल्लेख भएका आवेदनहरुको मूल्याङ्कन तथा छनौट पहिले गरी बचत हुने स्थानमा मात्र क्रमशः सहभागीता प्रतिशतको आधारमा मूल्याङ्कन तथा छनौट गर्नेछ।

(५) बुँदा नं ३ अनुसार वर्गीकरणको आधारमा माग निवेदन सँख्या एकिन गर्ने र कार्यालयको कूलस्रोत साधनको आधारमा हरेक किसिमको अनुदानग्राहि समावेश हुने गरी कार्यक्रम सञ्चालन गर्ने सक्नेछ।

(६) आवेदनहरु छनौटको लागी कर्मचारी परिचालन गरी स्थलगत अनुगमन निरीक्षण गराउने र आवश्यकता अनुसार निरक्षण प्रतिवेदनको अङ्कभार मूल्याङ्कन प्रक्रियामा समावेश गराउनु पर्नेछ। स्थलगत निरक्षणको क्रममा कार्यक्रम सञ्चालन हुने क्षेत्रको जिपिएस (G.P.S) कोड समेत समावेश गर्नुपर्नेछ।

(७) मुल्याङ्कित अंक बराबर भएको अवस्थामा क्रमशः सिंचाई हुने क्षेत्रफल, जल उपयोग प्रभावकारिता र आवेदकको समाजिक तथा आर्थिक अवस्था, अन्य सुविधा पाए/नपाएको आधारमा प्राथमिकता निर्धारण गरिनेछ।

(८) मूल्याङ्कन समितीले मूल्याङ्कनको आधारमा छनौट सूची तयार गर्नेछ र समितीबाट पेश भएको छनौट सूची केन्द्रले प्रमुखले स्वीकृत गरेपछि सो सूची प्रकाशन गर्नुपर्नेछ।

८. **प्राविधिक स्पेसिफिकेशन, लागत अनुमान तथा आपूर्तिकर्ता सम्बन्धी व्यवस्थाः** (१) सिभिल वा कृषि इन्जियर/ओभरसियर/सव-ओभरसियर वा साना सिंचाई सम्वन्धी तालिम प्राप्त कृषि प्राविधिकबाट स्यालो ट्युववेल जडान/इनार निर्माण/सोलर प्रणाली सम्वन्धी प्राविधिक स्पेसिफिकेशन र लागत अनुमान तयार गरी सम्वन्धित केन्द्र प्रमुखले स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। लागत अनुमानमा अनुदानग्राही सहभागिता वापत व्यहोर्नु पर्ने निर्धारित अंश र कन्टिन्जेन्सि रकम समेत समावेश गरी लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) केन्द्रले माथि उपदफा (१) वमोजिमको प्राविधिक स्पेसिफिकेशन र लागत अनुमान तयार गरे पश्चात सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार दर रेट निर्धारणका लागि सुचना प्रकाशन गर्नु पर्नेछ।

(३) त्यसरी प्राप्त भएको आपुर्तीकर्ताको आवेदनलाई नियमानुसार मूल्याङ्कन गरि कार्यालयले तयार गरेको प्राविधिक स्पेसिफिकेशन र लागत अनुमानको आधारमा लागत अनुमान वा सो भन्दा कम दररेट पेश गरेका आपुर्तीकर्ताहरुको मूल्याङ्कन गरि नियमानुसार औसत दररेटको सवैभन्दा नजिक रहेको दररेट अनुदानको लागि निर्धारण गर्नु पर्नेछ।

(४) उपदफा (३) वमोजिम निर्धारण भएको दररेट भन्दा वढि दररेट पेश गर्ने आपूर्तिकर्ताको हकमा निर्धारण गरिएको दररेटमा अनुदानको सिमा लागू हुनेछ तर निर्धारित दररेट भन्दा कम दररेट पेश गर्ने आपूर्तिकर्ताको हकमा पेश गरे वमोजिमकै दररेटमा अनुदानको सीमा लागू हुनेछ ।

९. **सम्झौताः** (१) छनौट सूचीमा समावेश भएका अनुदानग्राहीले कार्य सञ्चालनको लागी कार्यालयसँग अनुसूची-४ वमोजिमको ढाँचामा सम्झौता गर्नुपर्नेछ।

डा. संजय कुमार यादव
प्रदेश सचिव

(२) कार्यालयले स्यालो ट्यूववेल जडान तथा सञ्चालन कार्यको लागी कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधी २०७६ अनुसार आपूर्तिकर्ताहरुको सूची तयार गरी अनुदानग्राहीलाई उपलब्ध गराउनेछ र उक्त सूचि मध्येबाट अनुदानग्राही आफनो स्वेच्छाले रुचाएको आपूर्तिकर्ताबाट कार्यक्रम सञ्चालन कार्य तथा आवश्यक सामग्री खरिद गर्न सक्नेछ र सम्झौता अनुसार कृषक दायित्वको रकम आफै भुक्तानी गर्नेछ। कार्यको पारदर्शिता तथा लागत जवाफदेहिताको लागी कार्यालयले कार्यक्रमको चरणवद्ध रुपमा क्रमशः अनुगमन गरी कार्य आदेश/जडान आदेश/सामग्री आपूर्ती वा अन्य उपयुक्त आदेश जारी गर्नेछ।

(३) यस कार्यक्रम अन्तरगत अनुदानग्रीले स्वेच्छाले खरिद गरेको सेवा/सामग्री वापतको तोकिए बमोजिमको साझेदारी रकम अनुदानग्राहीबाटै प्राप्त गर्ने दायित्व आपूर्तिकर्ताको हुनेछ।

(४) आपूर्तिकर्ताले सम्झौता बमोजिमको समय सिमा भित्र गुणस्तरीय कार्य सम्पादन गर्नु पर्नेछ। कार्य सम्पन्न भएपछि मात्र कार्यालयले अनुदान वापतको रकम भुक्तानी दिनेछ।

१०. **जडान कार्य सम्पादन प्रतिबेदनः** (१) आपूर्तिकर्ताले जडान कार्य सम्पन्न भएको जानकारी गराएपछि कार्यालयले उक्त कार्यको निरीक्षण गराई कार्य सम्पन्न प्रतिवेदन लिनु पर्नेछ।

११. **भुक्तानी प्रक्रियाः** (१) केन्द्रबाट जारी भएको आदेश जडान कार्य सम्पन्न प्रतिवेदन तथा बिल भर्पाइ लगायत केन्द्रले तोकेको अन्य विवरण सहित अनुदान वापतको रकम भुक्तानी माग गर्दा कार्यालयले अनुदान वापतको रकम अनुदानग्राही वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई भुक्तानी दिनेछ।

(२) केन्द्रले जडान/निर्माण भएको स्यालोट्युबवेल/इनार/सोलार प्रणालीको जि. पि. एस. कोड अभिलेख राख्नु पर्नेछ।

१२. **अनुगमन र नियमनः** मन्त्रालय र निर्देशनालयले सम्पादित कार्यक्रमहरुको सुपरीवेक्षण तथा अनुगमन गर्न सक्नेछ।

१३. **संशोधन गर्न सक्नेः** मन्त्रालयले आवश्यकता अनुसार यस प्राविधिक मापदण्ड तथा सञ्चालन विधिमा संशोधन गर्न सक्नेछ।

१४. **खारेजी तथा बचाउः** (१) "भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०८२" खारेज गरिएको छ।

(२) "भूमिगत सिंचाई व्यवस्थापन कार्यक्रम प्राविधिक मापदण्ड तथा सञ्चालन विधी, २०८२" बमोजिम भए गरेका काम कारवाही यसै बमोजिम भए गरेको मानिनेछ।

डा. संजय कुमार यादव
प्रदेश सचिव

अनुसूची – १

दफा ५ को उपदफा (१) सँग सम्बन्धित

भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रमका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/...../.....

यस कृषि ज्ञान केन्द्र,....., को चालु आ. व. ०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत .....

कार्यक्रम रहेको हुँदा सो कार्यक्रम सञ्चालन गर्न इच्छुक कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन भित्र तपसिलको कागजात सहित अनुसूची-२ बमोजिम निवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि कार्यालयको वेवसाइट वा सूचना पाटीमा हेर्न सकिनेछ।

तपसिलः

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि
३. पेश गरेको जग्गाधनी लालपुर्जाको हालको मालपोत तिरेको रसिदको प्रतिलिपि
४. स्थानीय तह वा वडा कार्यालय वा कृषि शाखाको सिफारिस
५. सहकारी/संस्था/समूह/फर्मको हकमा पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि।
६. अन्य आवशयक कागजातहरु

डा. संजय कुमार यादव
प्रदेश सचिव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

अनुसूची – २

दफा ५ को उपदफा (१) सँग सम्बन्धित

भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रमका लागि आवेदकले पेश गर्ने निवेदन

मितिः .....

श्रीमान् प्रमुख ज्यू

.....।

विषय : निवेदन पेश गरिएको सम्बन्धमा

प्रस्तुत विषयमा त्यस कार्यालयबाट मिति २०८३/..../.... मा प्रकाशित सूचना अनुसार .....कार्यक्रम सञ्चालनका लागि म/हामीलाई आवश्यक पर्ने सिंचाई प्रणालीको माग, अनुसूची-३ बमोजिमको प्रस्ताव तथा आवश्यक कागजातहरु सहित नियमानुसार अनुदान सहयोग पाउनको लागि तपसिल अनुसारका कागजातहरु सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु/गर्दछौं।

संलग्न कागजातहरु

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. कार्यक्रममा सहभागी हुने कृषकहरुको जग्गाधनीपूर्जाको प्रतिलिपि
३. पेश गरेको जग्गाधनी लालपुर्जाको हालको मालपोत तिरेको रसिदको प्रतिलिपि
४. स्थानीय तह वा वडा कार्यालय वा कृषि शाखाको सिफारिस
५. अनुसूची-३ बमोजिमको प्रस्ताव (कल्टरमा सिंचाई गर्ने उपभोक्त का लागि)
६. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि (सहकारी/फर्मको हकमा)

क) आवश्यक पर्ने सिंचाई प्रणाली (कुनै एकमा चिन्ह लगाउनुहोस्)

१. ४(चार) इन्च ब्यासकोहकमा

क) स्यालो ट्यूवेल जडान मात्र ख) स्यालो ट्यूवेल तथा समरसिबल पम्प ग) स्यालो ट्यूवेल तथा सरफेश पम्प घ) स्यालो ट्यूवेल तथा विद्युतिय मोटर सेट

२. २(दुई) इन्च ब्यासको हकमा

क) स्यालो ट्यूवेल जडान मात्र ख) स्यालो ट्यूवेल तथा समरसिबल पम्प ग) स्यालो ट्यूवेल तथा सरफेश पम्प घ) स्यालो ट्यूवेल तथा विद्युतिय मोटर सेट

३. पुरानै जलस्रोत संरचनाको हकमा

क) विद्युतिय मोटर सेट ख) समरसिबल पम्प ग) सरफेश पम्प

४. इनार

५. सोलार प्रणाली

ख) लागत साझेदारी (%):-

ग) सिंचाई हुने मुख्य बाली र अनुमानित क्षेत्रफलः-

घ) अन्य बैकल्पिक सिंचाईसँगको दुरीः-

पुनश्चः *यो निवेदन कार्यालयले रुजु गरी मात्र दर्ता गर्नुपर्नेछ।*

उपर्युक्त बमोजिमको विवरण सत्य साँचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

दायाँ	बायाँ

आवेदककोः
हस्ताक्षर .....
नाम, थरः
ठेगानाः
सम्पर्क नं.
संस्थाको छापः-

डा. संजय कुमार यादव

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

अनुसूची – ३

दफा ६ सँग सम्बन्धित

भूमिगत सिंचाई व्यवस्थापन सहयोग कार्यक्रम अन्तर्गत कल्ष्टरमा सिंचाई गर्ने उपभोक्तका लागि

जल उपभोक्ता सम्बन्धी विवरण:

आवेदक व्यक्ति वा निजको एकासगोल परिवारको निजी जग्गा कार्यक्रम सञ्चालनका लागि आवश्यक न्युनतम जग्गा नपुगेको खण्डमा लिजमा लिएको मञ्जुरीनामा सहितको जग्गा वा एक भन्दा बढी कृषक परिवारको सहमतिमा कलस्टरमा सिँचाई सुविधा प्राप्त गर्ने कृषक परिवारको जग्गाको विवरण उल्लेख गर्ने। (उल्लेख भएका जग्गाको जग्गा धनी प्रमाण पुर्जाको स्पष्ट फोटोकपी पेश गर्नु पर्ने साथै एकासगोल परिवारको अलावा अन्यको जग्गा पेश गरेको भए निजको मञ्जुरीनामा वा यस फर्ममा निजको सहमति रहेको हस्ताक्षर अनिवार्य गराउनु पर्ने छ। जग्गा धनी प्रमाण पुर्जाको स्पष्ट फोटोकपी सम्बन्धित जग्गाधनी र निवेदक आफैले प्रमाणित गरि पेश गर्नु पर्नेछ।)

क्रसं.	जग्गा धनीको नाम	गा.वि.स.	वडा नं.	कित्ता नं.	क्षेत्रफल	नाता	हस्ताक्षर	कैफियत
१								
२								
३								
४								
५								
६								
७								

उपर्युक्त बमोजिमको विवरण सत्य सांचो हो झुठा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

दायाँ	बायाँ

आवेदकको:

हस्ताक्षर .....

नाम, थर:

सम्पर्क नं.

संस्थाको छाप:-

डा. संजय कुमार यादव
प्रदेश सचिव

अनुसूची – ४

दफा ९ सँग सम्बन्धित

सम्झौता

मधेश प्रदेश सरकार
भौतिक व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

कृषि ज्ञान केन्द्र, ... (यसपछि " पहिलो पक्ष/कार्यालय "भनिने) को आ.व. २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ..... कार्यक्रम सञ्चालन गर्न जिल्ला ....., ...बस्ने कृषक .....(यसपछि " दोस्रो पक्ष "भनिने) भूमिगत सिँचाई व्यवस्थापन कार्यक्रम प्रावधिक मापदण्ड तथा सञ्चालन विधि २०८३ तथा कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि (पहिलो संशोधन) २०७७ बमोजिम छनौटमा परेकोले पहिलो पक्ष बाट स्वीकृत एस्टिमेट बमोजिम कार्यक्रम सञ्चालन गर्न अनुमति दिईएकोले तपसिल बमोजिमका शर्तहरुका अधिनमा रही दोस्रो पक्षले तोकिएको समय भित्र कार्य प्रारम्भ र सम्पन्न गर्न सहमत भई पहिलो र दोस्रो पक्ष विच तपसिलका साक्षीहरुको रोहवरमा यस सम्झौतापत्रमा सहि छाप गरी एक-एक प्रति लियौं/दियौं।

तपसिल:

१. पहिलो पक्षबाट स्वीकृत लागत एस्टिमेट र प्राप्त हुने आवश्यक प्राविधिक सरसल्लाह एवं सुझाव अनुसार दोस्रो पक्षले कार्य योजनाअनुसार कार्यक्रम/कार्यहरु मिति २०८३/...../..... देखि प्रारम्भ गरी मिति २०८३/...../..... गते भित्र सम्पन्न गरि सक्नु पर्नेछ। सो मिति भित्र काम सम्पन्न नगरेमा अनुदान भुक्तानी दिन कार्यालय बाध्य हुने छैन।

२. स्यालो टयुबवेल/सोलार सिंचाई प्रणाली जडानको लागि इष्टिमेट अनुसारको कुल स्वीकृत रकम रु. ...../- मध्ये १५ प्रतिशतले हुन आउने रकम रु. ..... दोस्रो पक्षले व्योहोर्नु पर्ने छ।

३. दोस्रो पक्षले अनुदानमा जडान भएको स्यालो ट्युबवेल/ सोलार सिंचाई प्रणालीबाट आवश्यक्ता तथा माग अनुसार अन्य कृषकलाई समेत उपयोग गर्न दिनु पर्ने छ। अन्य कृषकलाई उपयोग गर्न नदिएको, निजी बोरिङ्ग सरह प्रयोग गर्ने गरेको जस्ता गुनासो आएमा कार्यालयले भुक्तानी दिएको अनुदान रकम फिर्ता गर्ने प्रक्रिया अपनाउन सक्ने छ।

४. दोस्रो पक्षले कम्तीमा ३ वर्ष सम्म अनुदानमा जडान भएको स्यालो ट्युबवेल तथा मोटरको सुरक्षा,संरक्षण तथा मर्मतको व्यवस्था मिलाउनु पर्ने छ। साथै प्रथम पक्ष वा अन्य कार्यालय, मन्त्रालयबाट भएको अनुगमनको क्रममा देखाउनु पर्ने छ अन्यथा प्राप्त गरेको अनुदान रकम सरकारी बाँकी सरह असुल उपर गरिने छ।

५. दोस्रो पक्षले तोकिएको समय भित्र स्यालो ट्युववेल जडान गरी निरिक्षण/अनुगमनका लागि निवेदन/अनुरोध दिए/गरे पश्चात पहिलो पक्षबाट सो कार्यको अनुगमन, नाप जाँच तथा कार्य सम्पन्न प्रतिवेदन तयारी लगायतका सम्पूर्ण प्रकृया पुरा गरि मात्र दोस्रो पक्षको खातामा वा निजले मञ्जुर गरेको आपूर्तिकर्तालाई भुक्तानी दिनेछ।

६. दोस्रो पक्षले स्यालो टयुबवेल जडानका लागि आवश्यक यन्त्र उपकरणहरु आपुर्ति गर्न यस कार्यालयमा सुचीकृत भएका आपूर्तिकर्ताहरु मध्येबाट आफ्नो इच्छाअनुसार (रोजेर) स्यालो टयुबवेल जडानका लागि आवश्यक यन्त्र उकपरणहरु (सामग्री तथा जडान कार्य) खरिद गर्नुपर्नेछ तर अनुदान रकम न्यूनतम दररेटलाई आधार मानी कायम गरिनेछ र सोही बमोजिमको अनुदान रकम मात्र भुक्तानी हुनेछ।

७. यस सम्झौतामा उल्लेख भएका शर्तशरु यसै बमोजिम र बाँकी कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ।

प्रथम पक्ष

हस्ताक्षर: .....
नाम:
पद:
कार्यालय:

दोस्रो पक्ष

हस्ताक्षर:.....
नाम:
ठेगाना:
मोबाईल नं.
ना.प्र.न:
दर्ता नं.

(रेखात्मक)

कार्यालयको छाप:

दायाँ	बायाँ

रोहबर:

१. .....
२. .....

इति सम्वत ..... साल .....गते रोज..... शुभम्

डा. संजय कुमार यादव
प्रदेश सचिव